# पनौती नगरपालिकाको
# आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

पनौती नगर सभाको १९ औं अधिवेशनको पहिलो बैठकमा उपस्थित पनौती नगरपालिकाको उप-प्रमुखज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नगर सभाका सदस्य ज्यूहरु,
विषयगत शाखा प्रमुख ज्यूहरु,
नगरपालिकाका सम्पूर्ण कर्मचारी एवं सुरक्षाकर्मी मित्रहरु,
संचारकर्मी मित्रहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

यहाँहरू सबैप्रति हार्दिक सम्मान व्यक्त गर्दै पनौती नगरपालिकाको नगर सभाको १९ औं अधिवेशनमा हार्दिक स्वागत गर्दछु

लोकतान्त्रिक शासन व्यवस्थाको आधारस्तम्भका रूपमा रहेको स्थानीय सरकार जनतासँग सबैभन्दा नजिकको सरकार हो। जनअपेक्षाको सम्बोधन, सेवा प्रवाहको प्रभावकारिता, विकास निर्माणको गतिशीलता तथा सुशासनको प्रत्याभूति हाम्रो प्रमुख दायित्व हो। यही दायित्वबोधका साथ आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम सम्मानित नगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु।
ऐतिहासिक, सांस्कृतिक, धार्मिक, कृषि तथा पर्यटकीय दृष्टिले विशिष्ट पहिचान बोकेको यस पुण्यभूमि पनौती नगरलाई समृद्ध, सुशासित, समावेशी, वातावरणमैत्री तथा नागरिकमैत्री नगरका रूपमा विकास गर्ने हाम्रो साझा संकल्प रहेको छ। सीमित स्रोत—साधनका बावजुद नगरवासीको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने, सार्वजनिक सेवाको गुणस्तर अभिवृद्धि गर्ने, स्थानीय अर्थतन्त्रलाई सबल बनाउने तथा दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने गरी ***ऐतिहासिक सम्पदाको संरक्षण तथा जगेर्ना;, प्रविधि र उत्पादनमा पनौतीको अगाडि बढ्ने चाहना*** भन्ने मूल नाराका साथ प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। यसमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, राष्ट्रिय तथा प्रादेशिक नीति, दिगो विकास लक्ष्य तथा नगरवासीका आकांक्षाहरूलाई मार्गनिर्देशक सिद्धान्तका रूपमा अवलम्बन गरिएको छ।

यस अवसरमा नगरको विकास र समृद्धिका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण नगरवासी, करदाता, जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार तथा सञ्चार जगतप्रति हार्दिक आभार व्यक्त गर्दछु।

साथै, राष्ट्र निर्माण, लोकतान्त्रिक आन्दोलन, संघीय शासनको सुदृढीकरण तथा सामाजिक रूपान्तरणका विभिन्न आन्दोलनमा आफ्नो अमूल्य योगदान पुऱ्याउने ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइते, बेपत्ता परिवार तथा परिवर्तनका अभियन्ताहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

CamScanner

आदरणीय सभा सदस्य ज्यूहरु,

आज यस सम्मानित १९ औं नगर सभामा कार्यकालको अन्तिम वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा विगत चार वर्षमा नगरपालिकाले हासिल गरेका उपलब्धिहरूको संक्षिप्त समीक्षा प्रस्तुत गर्न चाहन्छु। जनताले प्रदान गरेको विश्वास र जनादेशलाई आत्मसात् गर्दै सुशासन, विकास र समृद्धिको लक्ष्य हासिल गर्न हामी निरन्तर क्रियाशील रह्यौं। यस अवधिमा भौतिक पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, खानेपानी, सरसफाइ, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा, सूचना प्रविधि तथा संस्थागत सुदृढीकरणका क्षेत्रमा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन्। सीमित स्रोत—साधन, प्राकृतिक विपद्, आर्थिक चुनौती तथा अन्य विविध कठिनाइका बाबजुद नगरपालिकाले सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र जवाफदेही बनाउने दिशामा उल्लेखनीय प्रगति गरेको छ। यी उपलब्धिहरू नगरवासी, जनप्रतिनिधि, कर्मचारी, विकास साझेदार, निजी क्षेत्र तथा सम्पूर्ण सरोकारवालाहरूको साझा प्रयास र सहकार्यको परिणाम हुन्। यस अवसरमा सम्पूर्ण नगरवासीप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै कार्यकालभरि सम्पन्न भएका प्रमुख कार्यहरू, प्राप्त उपलब्धिहरू र आगामी दिनका प्राथमिकताहरू सम्मानित सभासमक्ष प्रस्तुत गर्न चाहन्छु।"

## कार्यकालका प्रमुख उपलब्धिहरू

### (क) संस्थागत विकास तथा सुशासनतर्फ

१ संगठन तथा व्यवस्थापन सर्वेक्षण O&M तयार भई स्वीकृतिको अन्तिम चरणमा रहेको छ।

२ राजश्व संकलन तथा भुक्तानीलाई सुत्र प्रणालिमा आवद्द गरिएको छ।

३ नगरपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा विद्दुतिय हाजिरी e-attendance लाई अनिवार्य गरिएको छ। साथै विद्दालयहरुमा पनि लागू हुने अन्तिम चरणमा रहेको छ।

४ सार्वजनिक निकाय, बजार क्षेत्र र सम्पदा क्षेत्रमा CC Camera जडान गरी सुरक्षाको पूर्व सावधानी अपनाइएको छ।

५ प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादन मूल्याङ्कनमा पनौती नगरपालिका काभ्रेपलाञ्चोक जिल्लाको दोस्रो स्थानमा रहन सफल भएको छ।

६ नागरिक वडापत्र तर्जुमा तथा जनशक्ति क्षमता विकासको लागि तालिम कार्यक्रम संचालन गरिएको छ ।

७ ३ वटा वडा प्रशासनिक भवन निर्माण सम्पन्न, २ वटा निर्माणाधिन र नगर प्रशासनिक भवन पनि निर्माणाधिन रहेको छ ।

CamScanner

(ख) पुर्वाधार विकासतर्फ

निर्वाचित भएको समयदेखि नै भौतिक पूर्वाधार विकासतर्फ विशेषगरी सडक निर्माण तथा स्तरोन्नतीमा ध्यान दिईएको र सो बमोजिमको नतिजा पनि हासिल भएको यहाँहरु सबैले महशुस गर्नुभएकै छ ।

८ नगरपालिकाभित्र यस अवधिमा ३४ हजार ४ सय ७१ मिटर सडकको ट्याक खन्ने, ५ हजार ३ सय ७१ मिटर सडक चौडा गर्ने, ३७ हजार २ सय ७० मिटर सडक ग्राभेलिङ तथा सोलिङ गर्ने, २५ हजार ७ सय ४३ मिटर सडक ढलान गर्ने, १४ हजार ८ सय २६ मिटर सडक कालो पत्रे गर्ने कार्य सम्पन्न भएको छ ।

९ ४५ हजार ५ सय ७८ मिटर पक्की नाली निर्माण, १९ हजार ४ सय ६६ मिटर पर्खाल निर्माण, १ हजार ५ सय ४८ मिटर ढल व्यवस्थापनको कार्य सम्पन्न भएको छ ।

१० तीन हजार ५ सय ३ वर्ग मिटर ढुङ्गा छाप्ने, ५ हजार ४९ वर्ग मिटर इटा छाप्ने र १ हजार ६ सय ६ वर्ग मिटर ब्लक छाप्ने कार्य सम्पन्न भएको छ ।

११ रोशी खोला तटबन्ध कार्य अन्तर्गत विभिन्न स्थानमा प्लमवाल तथा ४ हजार ८ सय २१ वटा ग्याविन जाली भरि ७५ प्रतिशत तटबन्धको कार्य सम्पन्न भएको र ५ सय ५४ वटा ह्युम पाइप विछ्याई नियमित आवागमनमा सहजता ल्याइएको छ ।

१२ एक हजार ६ सय ९२ मिटर सिँचाइ कुलो निर्माण गरी कृषकहरुलाई खेतिपाति गर्न सहज बनाईएको छ ।

१३ २५ वटा भवन निर्माण, ३ स्थानमा पिकनिक स्पट।उद्दान निर्माण, ९ स्थानमा खेलकुद मैदान निर्माण, ६ वटा पुल निर्माण, १८ वटा कल्भर्ट निर्माण, ५ हजार ९० मिटर सिँढी निर्माण, १६ वटा शौचालय निर्माण, २७ वटा प्रतिक्षालय निर्माण, ६ स्थानमा खुल्ला व्यायमशाला निर्माण र ६३ स्थानमा ट्रस निर्माण गरिएको छ ।

१४ एक घर एक धारा अभियान अन्तर्गत ४२ हजार ९ सय १९ मिटर खानेपानी पाइपको प्रयोग गरी २१ वटा ट्याङ्की निर्माण, ९ वटा इन्टेक निर्माण, २ हजार ३ सय ५५ परिवारमा खानेपानी धारा निर्माण, सम्पन्न गरी विपद् प्रतिकुलताका बावजुद पनि आम नागरिकको खानेपानी सुविधा प्राप्त गर्ने मौलिक अधिकारको प्रत्याभूत गरिएको छ ।

१५ पनौती बसपार्क लगायत ३ स्थानमा मार्स लाइट राखिएको छ भने ३७१ वटा सडक वत्ति व्यवस्थापन गरी रात्रिकालीन आवागमनमा सहजता तथा सुरक्षाको सुनिश्चितता गरिएको छ ।

CS CamScanner

(ग) शिक्षा क्षेत्रतर्फ

१६ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनमा ल्याईएको छ ।

१७ शैक्षिक गुणस्तर सुधारको लागि शिक्षकहरुको क्षमता विकासको कार्यक्रम सञ्चालन गरिएको छ । परिणामस्वरुप SEE को नतिजामा सुधार आएको छ ।

१८ सामुदायिक विध्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग गरिएको छ । १२ विध्यालयमा ICT ४ विध्यालयमा विज्ञान प्रयोगशाला र ४ वटा विध्यालयमा पुस्तकालयको व्यवस्थापन गरिएको छ ।

१९ संस्थागत विध्यालयमा अध्ययनरत छात्राहरुको लागि समेत सेनिटरी प्याड उपलब्ध गराईएको छ ।

२० जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा लगातार ३ वर्ष प्रथम स्थान हासिल भएको छ ।

२१ इन्स्योर परियोजनासँगको साझेदारीमा युवाहरुलाई उद्दमशील र सीपयुक्त बनाउनको लागि १० महिनाको सवारी साधन मर्मत, इलेक्ट्रिसियन, प्लम्बिङ, कुक, कम्पुटर हार्डवेर तथा नेटवर्किङ र मोटरसाइकल मेकानिकको तालिम प्रदान गरिएको छ । यसबाट २०० जना युवा लाभान्वित बनेका छन् ।

२२ छात्राबृत्ति कार्यक्रम अन्तर्गत छात्रा छात्राबृत्ति दलित छात्राबृत्ति सिमान्तकृत छात्राबृत्ति र उच्च शिक्षा छात्राबृत्ति अन्तर्गत ४ हजार २ सय ५० जनालाई छात्राबृत्ति प्रदान गरिएको छ ।

(घ) स्वास्थ्यतर्फ

२३ नगरबासीहरुको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न १५ शैयाको पनौती नगर अस्पताल संचालन गरिएको छ । पनौती नगर अस्पताल र सुन्थान प्राथमिक स्वास्थ्य केन्द्रमा सफ्टवेयर जडान गरी स्वास्थ्य बीमाको प्रथम सेवा विन्दुका रूपमा विकास र विस्तार गरिएको छ। यसैगरी, पनौती नगरपालिका वडा नं. ७ स्थित पनौती स्वास्थ्य चौकीलाई काभ्रेपलाञ्चोक जिल्लाकै पहिलो "एक स्थानीय तह, एक नमुना स्वास्थ्य संस्था" का रूपमा विकास र विस्तार गरिएको छ।

२४ जेष्ठ नागरिक स्वास्थ्य शिविर, मोतिबिन्दुको शल्यक्रिया तथा निशुल्क आँखा उपचार सेवा संचालन गरी कुल २२ हजार ३ सय ८४ जेष्ठ नागरिक, ३ सय १४ मोतिविन्दुको शल्यक्रिया र १ हजार ६ सय ६८ जनाको आँखा उपचार गरिएको छ ।

२५ पनौती स्वास्थ्य चौकी र कुशादेवी स्वास्थ्य चौकीमा संचालित कुल ९४ वटा विशेषज्ञ मानसिक स्वास्थ्य शिविरहरू मार्फत ११ हजार ७ सय ६९ जनालाई निःशुल्क औषधि तथा परामर्श सेवा प्रदान गरिएको छ भने हालसम्म ४ हजार ४ सय ९१ जनाको मानसिक स्वास्थ्यमा सकारात्मक सुधार आएको देखिएको छ ।

२६ मातृ तथा नवजात शिशु मृत्युदर र घरमा हुने सुत्केरी दर शुन्य कायम गरिएको छ । एकीकृत प्रजनन रुग्णता शिविर सन्चालन गरी प्रजनन उमेर समूहका कुल ५ हजार ९ सय ८५ जना महिलालाई

CamScanner

निःशुल्क सेवा प्रदान गरिएको छ। यसैगरी, नसर्ने रोग पहिचानका लागि आयोजित विभिन्न शिविरहरू मार्फत ९ हजार ४ सय २६ जनालाई सेवा उपलब्ध गराइएको छ भने क्षयरोग खोजपड्तालका लागि 'एआई डिजिटल एक्स-रे' (AI Digital X-ray) प्रविधि मार्फत जोखिम समूहका १ हजार ३ सय ४३ जना नागरिकको निःशुल्क परीक्षण गरिएको छ।

२७ कडा रोग लागेका बिरामीहरुलाई आर्थिक सहायता उपलब्ध गराइएको छ । यस्तो सुविधा लिने विरामीहरुको संख्या ४ सय ३२ रहेको छ ।

२८ मेयर दन्त उपचार कार्यक्रम अन्तर्गत चालू आ व मा निःशुल्क दन्त सेवा संचालन गरी १ सय १९ जेष्ठ नागरिकहरुको लागि कृत्रिम दाँत जडान गरिएको छ ।

(ङ) कृषि तथा पशुपन्छी विकासतर्फ

२९ आकस्मिक रोग नियन्त्रण तथा माटो सुधार कार्यक्रम संचालन गरी आम कृषकहरुलाई लाभान्वित गरिएको छ ।

३० गाई भैसीमा कृत्रिम गर्भाधान सेवा विस्तार गरी उन्नत जातको पशु उत्पादनमा वृद्धि गरिएको छ । यस अवधिमा ५ हजार ४ सय २४ गाई र ६ सय ९३ भैंसी गरी कुल जम्मा ६ हजार १ सय १७ पशुमा कृत्रिम गर्भाधान सम्पन्न भएको छ ।

३१ निःशुल्क पशु बीमा कार्यक्रम तथा भैसी सुत्केरी भत्ता वितरण मार्फत पशुपालक किसानलाई उत्प्रेरित गरिएको छ । निःशुल्क पशुपन्छी विमा कार्यक्रमबाट ४ हजार ४८ कृषक परिवार लाभान्वित भएकोमा विमित गाई संख्या ५ हजार २ सय ८१, भैंसी संख्या २ हजार २ सय ३१, बाख्रा संख्या ५ हजार ७ सय ८०, बंगुर संख्या १८, पक्षीं संख्या २४ हजार रहेको छ । विमा क्षतिपूर्ति वापत कृषकहरुले अघिल्लो आ.व मा रु ४८ लाख ५२ हजार ५ सय र चालु आ.व मा रु ५६ लाख ७३ हजार ८ सय बराबरको रकम बिमा कम्पनी मार्फत भुक्तानी पाएका छन् । विमा क्षतिपूर्ति पाउने कृषकको संख्या १ सय १४ रहेको छ । यस अवधिमा करिव १५ सय सुत्केरी भैसीको भत्ता वितरण गरिएको छ ।

३२ सामुदायिक तथा छाडा कुकुर बन्ध्याकरण कार्यक्रम अन्तर्गत ११ सय ५० भन्दा बढी कुकुरहरुको बन्ध्याकरण गरिएको छ ।यसले छाडा कुकुर न्यूनीकरणमा योगदान पुर्याएको छ ।

३३ कृषिमा यान्त्रीकरण एवं आधुनिकीकरण गर्ने पालिकाको नीति अनुरुप करिव ९० प्रतिशत कृषक परिवारमा कृषि यन्त्र।उपकरणको पहुँचमा पुगेको छ भने करिव ४ हजार को संख्यामा संरक्षित संरचना (टनेल) मा खेति भईरहेको छ ।

३४ किसान सूचीकरण कार्यक्रम अन्तर्गत ७ हजार २ सय कृषक परिवार सूचीकृत भईसकेका छन् । यसबाट कृषि तथ्याङ्क र कृषक परिवारको अभिलेखिकरण भई लक्षित कार्यक्रम संचालन गर्ने सहज भएको छ । आवश्यकताको आधारमा किसानहरुको क्षमता विकास गरी व्यावसायिकताको प्रवर्धन गरिएको छ ।

CamScanner

## आदरणीय सभा सदस्य ज्यूहरु,

सीमित स्रोत र असीमित आवश्यकताबीच उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गर्दै नागरिकमैत्री सेवा, उत्पादन र रोजगारी अभिवृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण, सामाजिक विकास, वातावरण संरक्षण तथा संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखी अब म सम्मानित नगरसभा समक्ष आर्थिक वर्ष २०८३/८४ को विषयगत क्षेत्र अनुसारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

### संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धी नीतिहरु

#### (क) सुशासन प्रवर्धन र सार्वजनिक व्यवस्थापन र सूचना प्रविधि

१. नगरपालिकाबाट प्रदान गरिने सेवालाई सरल, सहज, गुणस्तरीय र प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यविवरणलाई स्पष्ट पारिनेछ । कार्यविवरण अनुरुप प्रत्येक जनप्रतिनिधि र कर्मचारीलाई आफ्नो जिम्मेवारीप्रति उत्तरदायी बनाईनेछ । कर्मचारीमा रहेको ज्ञान, सीप, योग्यता र क्षमताको व्यवस्थापन गर्दै कार्यसम्पादन मूल्याङकनको आधारमा पुरष्कृत गर्ने व्यवस्था मिलाईनेछ।

२. नगरपालिकाबाट प्रदान गरिने विकास निर्माण तथा सेवा प्रवाहको सन्दर्भमा सुझाव/उजुरी/गुनासो संकलनको लागि नगर कार्यपालिकाको कार्यालयमा पैसा नलाग्ने कल सेन्टरको स्थापना गरिनेछ ।

३. नगरपालिकामा सदाचारिता प्रवर्धन र गुणस्तरीय सेवाको उत्पादनमार्फत सुशासनको प्रत्याभूती गर्नको लागि सदाचार नीति जारी गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । नगरपालिकाको सबै वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरु सबैमा **e-Attendance** को व्यवस्था गरी कर्मचारीहरुको नियमिततालाई डिजिटल्ली सुपरीवेक्षण गरिनेछ ।

४. जन प्रतिनिधि/कर्मचारीहरुको क्षमता तथा दक्षता अभिवृद्दिको लागि क्षमता विकासको योजना वनाई लागु गरिनेछ । अभिमुखीकरण, तालिम, अध्ययन/अवलोकन भ्रमण आदिबाट जनप्रतिनिधि/कर्मचारीको ज्ञान, सीप र क्षमताको बढोत्तरी गर्दै अन्य पालिकाको समेत सफल अभ्यास र अनुभवको आदानप्रदानबाट सिक्ने/सिकाउने परिपाटीको विकास गरिनेछ ।

५. दिगो विकास लक्ष्यको स्थानीयकरण नीति अनुरुप दिगो विकास लक्ष्य प्रासिको लागि विभिन्न सरकारी, निजी, सामुदायिक र गैर सरकारी संघ संस्थासँग समन्वय, सहकार्य र साझेदारी गर्दै अगाडि बढिनेछ ।योजना तथा कार्यक्रम तर्जुमामा दिगो विकास लक्ष्यको सांकेतीकरणको सुरुवात गरिनेछ ।

६. नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरी स्थानीय शासन स्व-मुल्यङ्कन नतिजामा सुधार गर्दै लगिनेछ । यसको लागि शाखागत समन्वय र वडा कार्यालय, स्वास्थ्य संस्था तथा विद्यालयहरुसँगको समन्वय र सहकार्यलाई सुदृढ तुल्याईनेछ ।

७. महिला, दलित, विपन्न नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी सेवा प्रवाहमा विशेष ध्यान दिँदै सहुलियत प्रदान गरिनेछ ।

८. उपभोक्ता हित संरक्षण तथा प्रवर्द्धनका लागि सरोकारवालाहरुको समन्वय र सहकार्यमा बजार अनुगमन र नियमनलाई प्रभावकारी बनाइनेछ ।

CS CamScanner

९. शान्ती सुरक्षालाई भरपर्दो बनाउन **CC Camera** संचालन तथा नगर प्रहरी परिचालनलाई प्रभावकारी बनाईनेछ ।

१०. पालिकाको सार्वजनिक तथा संवेदनशील डाटाको सुरक्षाको लागि भौतिक सर्भरमा पहुँच कायम गरी सम्भावित प्राविधिक क्षतिबाट बच्न स्वचालित क्लाउड ब्याकअप (Automated Cloud Backup) प्रणाली अनिवार्य लागू गरिनेछ।

११. पालिका र वडा कार्यालयबीचको डिजिटल सञ्चारलाई सुरक्षित र तीव्र बनाउन आन्तरिक नेटवर्क (क्लतचबलभत० र इन्क्रिप्टेड भीपीएन (VPN) को विस्तार गरिनेछ ।

१२. सेवा प्रवाहमा प्रभावकारिता र पारदर्शिता ल्याउन वडा कार्यालयहरूमा डिजिटल नागरिक बडापत्र जडान तथा अद्यावधिक (Update) गरी संचालनमा ल्याइनेछ ।

१३. नागरिक केन्द्रित शासन व्यवस्था र स्मार्ट पालिकाको अवधारणा अनुरूप 'My Panauti App' को विकास गरी कार्यान्वयनमा ल्याइनेछ। यस एप मार्फत नागरिक गुनासो सुनुवाइ, पृष्ठपोषण व्यवस्थापन र पालिकाका सूचना तथा सेवाहरूको पहुँचलाई सरल, पारदर्शी र प्रविधिमैत्री बनाइनेछ।

१४. कार्यालयको आन्तरिक कार्य वातावरणलाई व्यवस्थित गर्न आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका कार्यान्वयनमा ल्याइनेछ । नगरपालिकाबाट भएका सम्पूर्ण निर्णय, प्रगति प्रतिवेदन एवं आय-व्यय विवरण वेभ साइट मार्फत नियमित सार्वजनिक गरिनेछ ।

१५. कार्यसम्पादन तथा कार्यमूल्याङ्कनको आधारमा स्थानीय प्रोत्साहन उपलब्ध गराई कर्मचारीहरुलाई आफ्नो कार्यप्रति थप उत्प्रेरित गरिनेछ । पालिका बाहिरका कर्मचारीहरुको बसोबासलाई सहज बनाउन प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१६. नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको आधारमा करार अवधि थप गरी आवश्यकताअनुसार कामकाजमा लगाईनेछ ।

१७. नेपाल सरकारबाट जारी भएका सबै दिवसहरु एकिकृत तव रमा कार्यानव्यन गरिनेछ ।

१८. नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरुबाट प्रवाह हुने सेवालाई छिटोछरितो र विश्वसनीय बनाई नागरिक सन्तुष्टी अभिवृद्धी गर्न सेवा प्रवाह मापदण्ड र सोको गुणस्तर परिक्षण मापदण्ड बनाई लागू गरिनेछ ।

(ख) <u>आन्तरिक व्यवस्थापन, आन्तरिक नियन्त्रण तथा खरिद</u>

१९. नगरपालिकाको जिन्सी व्यवस्थापनलाई प्रविधिमैत्री एवं पूर्ण पारदर्शी बनाई आधुनिकीकरण गरिनेछ ।

२०. लेखा समिति, आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षणबाट प्रदान गरिएको सुझाव कार्यान्वयन गरी आर्थिक प्रशासनमा सुधार ल्याईनेछ ।

२१. नगरपालिकाको जनप्रतिनिधि एवं कर्मचारीहरुको कार्यकक्ष र आन्तरिक व्यवस्थापनलाई सुव्यवस्थित र सुन्दर वनाउन आन्तरीक व्यवस्थापन मापदण्ड वनाई लागु गरिनेछ ।

२२. प्रशासकीय भवन निर्माण हुन बाँकी रहेका १० र १२ नं वडाहरुको भवन निर्माण प्रारम्भ गरिनेछ ।

CamScanner

२३. वित्तिय अनुशासनलाई सुदृढ गर्दै नगरपालिकाको बेरुजूलाई न्यूनीकरण गर्ने अभियानलाई निरन्तरता दिइनेछ ।

२४. सुशासन र वित्तीय पारदर्शिताको लागि वडा कार्यालय र स्वास्थ्य केन्द्रहरुले संचालन गरेको बैंक खाता बन्द गरी नगरपालिकाबाटै भुक्तानी दिने व्यवस्था गरिनेछ ।

(ग)राजस्व व्यवस्थापन सम्बन्धी नीतिहरु

२५. करको दायरा बढाउन सबै वडामा सघन रूपमा व्यवसाय दर्ता अभियान सञ्चालन गरिनेछ।

२६. कर संकलनलाइ सेवा प्रवाहसँग आबद्ध गर्दै नगरको आन्तरिक स्रोत पहिचान र परिचालनका लागि 'राजस्व सुधार कार्ययोजना' निर्माण गरी लागू गरिनेछ।

२७. बहाल कर र व्यवसाय करको वास्तविक लगत संकलन गरी सबै वडाहरूमा डिजिटल तथ्यांक प्रविष्टि र नियमित अद्यावधिक गरिनेछ।

२८. कर संकलनलाई प्रभावकारी बनाउन र बक्यौता रकम असुल गर्न जरीवाना रकम छुट दिने र प्रचार प्रसारलाई बढावा गरिनेछ।

२९. करदाताहरूलाई कर तिर्न उत्प्रेरित गर्न करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

३०. नगरपालिकाले प्राप्त गर्ने सम्पूर्ण राजश्व SuTRA (REVENUE MODEL) प्रणाली मार्फत संकलन गरिनेछ ।

आदरणीय सभा सदस्य ज्यूहरु,

(घ)वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

३१. वातावरण संरक्षण तथा विपद व्यवस्थापनको एकिकृत नीति तर्जुमा गरी लागू गरिनेछ ।

३२. विपत जोखिम न्यूनीकरणको लागि प्रारम्भिक चेतावनी प्रणाली स्थापना गरिनेछ ।

३३. विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद व्यवस्थापन कोष, DRT, DPRP गठन तथा संचालन गरिनेछ ।

३४. जोखिम क्षेत्र पहिचान गरि बस्ति स्तानान्तरणको योजन बनाई कार्यान्वयनको लागि संघिय सरकार र प्रदेश सरकारलाई पुनः सिफारिस गरिनेछ ।

३५. बिपत व्यस्थापन तथा विपद प्रतिकार्यका लागि नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी र NCC एल्मुनाइ एशोसियसनको सहकार्यमा विपद प्रतिकार्यका तालिमहरु समेत संचालन गरि बिपत ब्यस्थापनलाई प्रभाभकारी ढंगबाट अघि बढाईनेछ ।

३६. प्लास्टिकमुक्त नगर अभियानलाई सार्थक पारिनेछ। प्लास्टिकको वैकल्पिक व्यवस्थापनको लागि सचेतना तथा तालिम संचालन गरिनेछ ।

आदरणीय सभा सदस्यज्यूहरु

(ङ) स्वास्थ्य सम्बन्धी नीतिहरु

CamScanner

३७. पनौती नगर अस्पतालको सुदृढीकरण गरी नगरवासीहरूको निःशुल्क तथा गुणस्तरीय, आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गरिनेछ। पनौती नगर अस्पताल र सुन्थान प्राथमिक स्वास्थ्य केन्द्रबाट प्रवाह हुने स्वास्थ्य बीमा सेवालाई प्रभावकारी बनाईने छ।

३८. पनौती स्वास्थ्य चौकी र कुशादेवी स्वास्थ्य चौकीबाट विशेषज्ञसहितको मानसिक स्वास्थ्य सेवा प्रदान गरिनेछ। मानसिक स्वास्थ्य समस्या भएका बिरामीहरूको नियमित परामर्शका लागि मनोसामाजिक परामर्शकर्ता परिचालन गरिनेछ। साथै, मानसिक स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवालाई एकीकृत रूपमा विकास र विस्तार गरिनेछ। पनौती स्वास्थ्य केन्द्र र कुशादेवी स्वास्थ्य केन्द्रमा बाल रोग र स्त्री रोग सम्बन्धी विशेषज्ञ सहितको सेवा प्रदान गरिनेछ ।

३९. ज्येष्ठ नागरिकहरूको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न सबै वडामा 'ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य कार्यक्रम' लाई निरन्तरता दिइनेछ।

४०. नगरवासीहरूको आँखा जाँच तथा मोतियाबिन्दुको शल्यक्रिया सेवा तथा आवश्यक सहोगी सामाग्री निःशुल्क प्रदान गरिनेछ । वडा नं. ७ स्थित पनौती स्वास्थ्य चौकीको आँखा उपचार केन्द्रबाट निःशुल्क आँखा उपचार सेवा निरन्तर रूपमा प्रदान गरिनेछ।

४१. लक्षित वर्गको लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ। नेपाल सरकारद्वारा सूचीकृत कडा रोग लागेको विपन्न नागरिकहरूको उपचारका लागि कार्यविधि बमोजिम थप आर्थिक सहायता उपलब्ध गराइनेछ। "

४२. नगरभित्रका प्रसूति केन्द्रमा सुत्केरी हुने आमाहरूलाई प्रोत्साहन भत्ता प्रदान गरी मातृ तथा नवजात शिशु स्वास्थ्य प्रवर्द्धनलाई निरन्तरता दिईनेछ। सबै स्वास्थ्य संस्थाबाट गर्भवतीको जटिलता पहिचानका लागि 'ग्रामीण अल्ट्रासाउन्ड' (Rural Ultrasound) र पाठेघरको मुखको क्यान्सर परीक्षणका लागि 'भिआईए' (VIA) विधिबाट निःशुल्क जाँच सेवा सञ्चालन गरिनेछ।

४३. नसर्ने रोगसम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवालाई एकीकृत रूपमा विकास र विस्तार गरिनेछ। साथै, सडक दुर्घटनालाई न्यूनीकरण गर्न सडक सुरक्षासम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ। नागरिक आरोग्य केन्द्रमार्फत योग, आयुर्वेद लगायत वैकल्पिक चिकित्साको प्रवर्द्धन गर्नुका साथै स्थानीय जडीबुटीको खोज, अनुसन्धान र उपयोग गर्नका लागि आरोग्य शहर निर्माण हाम्रो अभियान अन्तर्गत त्रिवेणीधाम क्षेत्रमा बहुउदेश्यीय भवन निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार पारी निर्माण प्रकृया अगाडी बढाइनेछ ।

४४. स्वास्थ्य सेवालाई थप आधुनिक र प्रभावकारी बनाउन सबै स्वास्थ्य संस्थाहरूमा विद्युतीय स्वास्थ्य सूचना प्रणाली (EHR/EMR)संचालन गरी डिजिटल प्रविधि सहितको एकीकृत स्वास्थ्य पूर्वाधार नीति अवलम्बन गरिनेछ।

४५. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ। साथै, तोकिएको सेवा अवधि पूरा गरी अवकाश लिने स्वयंसेविकाहरूलाई योगदान रकम एकमुष्ट प्रदान गरिनेछ।

CamScanner

४६. महामारीजन्य रोग तथा विपद् व्यवस्थापनका लागि द्रुत प्रतिकार्य टोली (Rapid Response Team) लाई तयारी अवस्थामा राखिनेछ र स्वास्थ्य विपद् प्रतिकार्य योजना निर्माण गरी प्रतिकार्यका एकीकृत उपायहरू अवलम्बन गरिनेछ। साथै, स्वास्थ्यजन्य फोहोरमैलाको सुरक्षित व्यवस्थापन गरी मानव स्वास्थ्य तथा वातावरणमा पर्ने सम्भावित असरलाई न्यूनीकरण तथा नियन्त्रण गरिनेछ।

४७. नगरभित्रका गर्भवती, सुत्केरी, नवजात शिशु तथा बालबालिकाहरूको पोषण स्थितिमा सुधार ल्याउन स्थानीय योजना तर्जुमादेखि कार्यान्वयनसम्मका सबै प्रक्रियामा पोषणका सूचकहरूलाई आन्तरिकीकरण गरी **'पोषणमैत्री स्थानीय शासन' (NFLG)** नीति अवलम्बन र प्रवर्द्धन गरिनेछ।

४८. नगरभित्रका स्वास्थ्य संस्थाहरूमा आबद्ध आमा समूहहरूको बैठक सञ्चालनलाई थप व्यवस्थित र नियमित बनाउँदै मातृ तथा नवजात शिशु स्वास्थ्य, पोषण, र सरसफाइ सम्बन्धी सचेतना अभिवृद्धिका लागि ***'सक्रिय आमा समूह, स्वस्थ समुदाय'*** नीति अवलम्बन गरिनेछ।

४९. मेयर दन्त सेवा कार्यक्रम अन्तर्गत नगरभित्रका ज्येष्ठ नागरिक तथा लक्षित वर्गका लागि प्रत्येक वडामा निःशुल्क दन्त स्वास्थ्य शिविर सञ्चालन गरी ज्येष्ठ नागरिकहरुलाई आवश्यकता अनुसार निःशुल्क रुपमा कृत्रिम दाँत (Dentistry/Artificial Teeth) जडान गरिनेछ।

५०. स्पाइनल इन्जुरीका बिरामीलाई उपचारमा सहयोग गरी पुनर्थापनाका लागि सीप प्रशिक्षण गरिनेछ ।

**आदरणीय सभा सदस्यज्यूहरु**

**(च) <u>शिक्षा सम्बन्धी नीतिहरु</u>**

***<u>गुणस्तरीय प्रविधि मैत्री शिक्षाः पनौती नगरको इच्छा</u>***

५१. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक सिधै उनीहरुको खातामा उपलब्ध गराई विद्यालयको लेखा परीक्षणमा हुने गरेको अनावश्यक खर्च कटौती गरिनेछ ।

५२. दिगो विकास लक्ष्य कार्यान्वयको लागि शैक्षिक रणनीतिक योजनाको स्थानीयकरण, प्रविधिमैत्री शैक्षिक कार्यक्रम सञ्चालन गरी वदलिंदो परिस्थिति र समयसापेक्ष शिक्षण सिकाईलाई सूचना प्रविधिसंग जोडी सूचना प्रबिधियुक्त कक्षाकोठा तथा इ लर्निङ कक्षा सञ्चालनमा जोड दिइनेछ ।

५३. अनिवार्य तथा निःशुल्क आधारभुत शिक्षाको दिगोपना तथा निरन्तरतामा जोड दिंदै भर्ना भएका बिपन्न बालबालिकाहरुका लागि नियमितताका आधारमा बिशेष सहुलियत तथा सुबिधाहरुको ब्यवस्था गरिने छ। बिद्यालयहरुलाई दिईंदै आएको थप अनुदानलाई निरन्तरता दिईनेछ।

५४. वडाको शैक्षिक विकासमा वडा शिक्षा समितिलाई अझ क्रियाशील गराइनेछ।

५५. संस्थागत ( बोर्डिङ्ग ) बिद्यालयहरुका छात्राहरुलाई समेत दिईंदै आएको सेनिटरी प्याडको ब्यवस्थालाई निरन्तरता दिईनेछ ।

५६. विद्यालयहरुमा सांगितिक प्रार्थना एवं उत्प्रेरणात्मक सिकाइ वातावरणको विकास गरिने छ।

५७. सुन्दर हस्तलेखन हाम्रो अभियान कार्यक्रमलाई निरन्तरता दिदै विद्यार्थीहरुका लागि हस्तलेखन प्रतियोगिता सञ्चालन गरिनेछ ।

५८. **जहाँ विद्यार्थी त्यहाँ शिक्षक** भन्ने अवधारणा कार्यान्वयन गर्दै प्रत्येक शैक्षिक सत्रमा विषयगत तथा तहगत शिक्षक व्यवस्थापन कार्यलाई निरन्तरता दिईनेछ।

५९. उच्च शिक्षालाई प्रभावकारी बनाउन गुणस्तरीय र प्राविधिक शिक्षा तर्फ जोड दिई विध्यार्थीहरुलाई आत्मनिर्भर, स्वावलम्वन र रोजगारउन्मुख बनाईनेछ ।

CamScanner

६०. विद्यालय परिसर सुधारका कार्यक्रम सञ्चालन गरी शौचालय निर्माण तथा सुधार, पिउनेपानीको व्यवस्थाका साथै विद्यार्थीको शारीरिक, मानसिक तथा संवेगात्मक विकासको लागि वालमैत्री उद्यान, कक्षाकोठा, प्रयोगशाला, ICT LAB, पुस्तकालय, वाचनालय, चमेनागृह जस्ता पूर्वाधारहरुको विकास गरिनेछ।

६१. सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय सहयोगीहरु, वाल विकास सहयोगी कार्यकताहरु र लेखा कर्मचारीहरुले खाईपाई आएको तलबमा कार्यबोझ र पद सोपान समेतलाई मध्यनजर राखी पारिश्रमिक वृद्धि गरिनेछ।

६२. नगर शिक्षकहरुको कार्यक्षमतामा वृद्धि गराउन एवं उच्च मनोबलका साथ कार्य सम्पादन गर्न संघीय स्वीकृत दरबन्दीका शिक्षक सरहकै तलव भता तथा सुविधा उपलब्ध गराइने छ।

६३. स्कूल वस सेवालाई प्रभावकारी व्यवस्थापनको लागि सञ्चालन खर्चलाई निरन्तता दिइनेछ। बिद्यार्थी संख्या तथा विद्यालयको सिकाइ प्रभाबकारिताका आधारमा ठुला विद्यालय(Big School) को विकास र त्यस्ता विद्यालयहरुमा साझेदारीमा विद्यालय बस व्यवस्थापन गरिनेछ।

६४. बिभिन्न समस्यामा परेका बालबालिकाहरुको सिकाइमा निरन्तरता प्रदान गर्न मनोसामाजिक परामर्शका कार्यक्रमहरु सञ्चालन गरिनेछ

६५. शैक्षिक सुधारको प्रस्ताव तथा कार्यविधिका आधारमा विद्यालय तथा क्याम्पसहरुलाई अनुदान दिने व्यवस्था मिलाइने छ।

६६. सिकाई उपलब्धिको वेसलाइन तयार गरी न्यूनतम वार्षिक सिकाई उपलब्धि हासिल हुने गरी शिक्षण सिकाईमा जोड दिइनेछ।

६७. नगर भित्रका सामुदायिक विद्यालयहरुको सिकाईलाई गुणस्तरीय र प्रभावकारी बनाउन सुधार प्रस्तावका आधारमा कार्यकम सञ्चालन गरी विद्यार्थीलाई **ल्याउने, सिकाउने र टिकाउने** नीति अघि बढाइनेछ।

६८. विद्यार्थीको प्रतिभा प्रस्फुटनका लागि अतिरिक्त कियाकलाप, खेलकुद जस्ता प्रतिस्पर्धात्मक कियाकलाप सञ्चालनको व्यवस्था मिलाइनेछ।

६९. विद्यालयहरुलाई प्रतिस्पर्धी बनाउन खेलकुद तथा शैक्षिक सामग्रीयुक्त वनाउने तथा विद्यार्थी खेलकुद विमा कार्यक्रम सञ्चालनमा ल्याइनेछ

७०. महिला स्वंयसेविका तथा विपन्न नागरिकका छोराछोरी, लोपोन्मुख, सिमान्तकृत, दलित, गरिव, जेहेन्दार तथा अभिभावक गुमाएका छात्रछात्राहरुका लागि माध्यमिक तथा उच्च शिक्षामा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।

७१. शिक्षकको पेशा विकासलाई मर्यादित वनाई सिकाई वातावरण सरल, प्रविधि मैत्री वनाउन आवश्यकीय तालिम, कार्यशाला, अवलोकन भ्रमण, प्रदर्शनी जस्ता कार्यहरु सञ्चालन गरिनेछ। विद्यालयहरुमा एकीकृत शैक्षिक सूचना प्रणालीलाई व्यवस्थित गरी तथ्याङ्क सत्यापन र योजना निर्माण कार्यान्वयनमा विश्वसनियता कायम गरिनेछ।

७२. विद्यालयको अभिलेख व्यवस्थापन, परीक्षाफल, सिकाई उपलब्धि जस्ता कार्यलाई एकिकृत शैक्षिक सूचना प्रणालीसँग आवद्ध गरी प्रभावकारी रुपमा व्यवस्थापन गरिने छ।

७३. **योजनावद्ध शिक्षण सिकाई शिक्षकको दायित्व, दैनिक कार्ययोजना र सिकाईमा स्थायित्व** भन्ने मर्मका साथ शिक्षक कार्यतालिका, विद्यार्थी मनिटर डायरी कार्यान्वयनलाई निरन्तरता दिइनेछ।

७४. सामुदायिक विद्यालयको सिकाई अभिवृद्धिको लागि थप सन्दर्भ सामग्री तथा रिमेडियल कक्षा सञ्चालन गरेका विद्यालयलाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

७५. **अभिभावक, शिक्षक र सरोकारवालाको साझेदारी, हाम्रो विद्यालय, हाम्रो जिम्मेवारीको** भावना बृद्धि गर्न शैक्षिक सरोकारवालाहरुसंग अन्तरकिया तथा अन्तरसम्वाद कार्यक्रम सन्चालन गरिनेछ।

७६. डिजिटल प्लेटफम मार्फत शिक्षक विद्यार्थी अभिभावक तथा सरोकारवालाहरु संग अन्तरक्रिया गरी विद्यार्थीहरुलाई सम्बन्धित क्षेत्रको जानकारी दिइनेछ ।

CS CamScanner

७७. बागमती प्रदेशले प्रदेशको कामकाजी भाषाको रुपमा घोषणा गरेको नेवारी र तामाङ भाषा प्रवर्धनका लागि आधारभूत तहमा उक्त भाषा शिक्षणमा सहजकीरण गर्नका लागि घुम्ती शिक्षकको व्यवस्था गरिनेछ ।

७८. पोर्टेज कार्यक्रममा सहभागी फरक क्षमताका विद्यार्थीहरुलाई पालिका मार्फत सहयोग उपलब्ध गराईनेछ ।

७९. पनौती नगरपालिकामा स्थायी बासिन्दाले PHD गरेमा पनौती ज्ञान रत्न पुरस्कारकासाथ नगद रकम प्रदान गरिनेछ । साथै पनौतीको कला संस्कृति, इतिहास, भूगोल, शिक्षामा PHD गरेमा विश्वविद्यालयको आंशिक शैक्षिक शुल्क नगरपालिकाबाट उपलब्ध गराइने छ । स्नातकोत्तर अध्ययनको क्रममा गरिने थेसिस पनौती नगरपालिकामासँग संबन्धित भएमा रु १० हजारसम्म र MPhil को थेसिसका लागि ५० हजारसम्म आर्थिक सहयोग गरिने छ ।

८०. विपन्न नागरिकका छोराछोरी, लोपोन्मुख, सिमान्तकृत, दलित, गरिव, जेहेन्दार तथा अभिभावक गुमाएका छात्रछात्राहरुका लागि माध्यमिक तथा उच्च शिक्षामा प्राविधिक विषय तथा अन्य विषय अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिनुको साथै नगरपालिका भित्र तथा आसपासका क्याम्पसहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

### (छ) युवा तथा खेलकुद नीति आ.व. २०८३/०८४

८१. **युवा तथा खेलप्रेमीको आव्हान, स्वस्थ जीवनशैली खेलक्षेत्रको साधन** भन्ने भावनाका साथ परम्परागत रुपमा खेलिने खेलको संरक्षण तथा विभिन्न खेलकुद कार्यकमसंग सम्वन्धित प्रशिक्षण, प्रतियोगितात्मक कार्यकमको आयोजना गरिनेछ।

८२. माध्यमिक तहमा अध्ययनरत युवायुवतीहरुलाई उनीहरुको क्षमता र दक्षता अनुसार पेशा व्यवसाययुक्त सीप विकासतर्फ आकर्षित गर्न रोजगारी छनौटका विषयहरुमा वृत्ति परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।

८३. नगरभित्रका संघ संस्था, युवाक्लवहरुलाई नगरको विकासमा भरपुर उपयोग गर्दै सुशासन र दिगो विकासका लागि परिचालन गरिनेछ

८४. वडाहरुमा युवा क्लवहरु गठन गरी युवा तथा खेलकुद क्लव मार्फत खेलकुद तथा सामाजिक गतिविधिहरु सञ्चालन गरी युवाहरुलाई सामाजिक उत्तरदायित्व वहन गर्न प्रेरित गरिनेछ।

८५. राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता लगायत अन्तरपालिका, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा युवा/विद्यार्थीहरुलाई सहभागिताको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

८६. विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन तथा सहभागिताका लागि खेलकुद सामग्रीहरुको व्यवस्था मिलाइनेछ।

८७. **एक वडा एक खेलमैदान**को अवधारणालाई निरन्तरता दिई वडास्तरमा खेलकुद प्रतियोगितालाई आवश्यक समन्वय गरिनेछ।

८८. पनौती प्राविधिक शिक्षालयसंगको सहकार्यगरी युवाहरुलाई छटो अवधिका शिपमुलक तालिमहरु प्रदान गरी स्वरोजगार बन्ने अवसर सृजना गरिनेछ ।

आदरणीय सभा सदस्य ज्यूहरु ,

### (ज) पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

CamScanner

८९. नगरपालिकाभित्र संचालित पूर्वाधार विकाससँग सम्बन्धित योजनाहरु छनोट र कार्यान्वयन गर्दा दिगो विकासका लक्ष्य हासिल हुनेगरी संचालन गरिनेछ । आवधिक योजना निर्माण गरी दिगो, भरपर्दो तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

९०. स्थानीय स्रोत साधनको प्रयोग हुने उत्पादनमुलक र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने योजनाहरु छनोटमा जोड दिइनेछ । प्रभावकारी योजना कार्यान्वयनको लागि उपभोक्ता समितिहरुको क्षमता अभिवृद्दि सम्वन्धी तालिम संचालन गरिनेछ ।

९१. नगरपालिकाभित्र पालिका गौरवको आयोजना तथा वडा भित्र कम्तिमा एक वडा एक गौरवको आयोजना पहिचान गरी क्रमागत रुपमा वजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ ।

९२. बसपार्कको व्यवस्थापनमा केहि चुस्तता आइसकेको र पनौती बसपार्कलाई अझ व्यवस्थित गरिनेछ । सडक संजाललाई web based information system मार्फत अद्यावधिक गरिने छ ।

९३. पनौती शिरानचौरमा निर्माणाधिन रंगशालालाई ब्यबस्तित गर्दै लगिनेछ ।

९४. पुण्यमाता खोलाको प्राकृतिक सुन्दरता कायम गर्नका लागि बगेर आएका फोहोरहरु माथिल्लो सिमामै Trapping व्यवस्थापन गरी किनारमा बृक्षारोपण कार्यक्रम संचालन गर्नुका साथै छिमेकी नगरपालिकासँग सहकार्य गरी प्राकृतिक सुन्दरता कायम गरिनेछ ।

९५. योजनाहरुको कार्यान्वयनलाई लागत प्रतिस्पर्धी बनाई कम लागतमा बढी प्रतिफल तथा नतिजा प्राप्त गर्नको लागि रु ५ लाख माथिका सम्पूर्ण योजनाहरु ठेक्का मार्फत कार्यान्वयन गर्ने परिपाटीलाई निरन्तरता दिईनेछ ।

९६. स्रोत सीमितताको कारण संवोधन हुन नसकेका योजना, कार्यक्रमहरुलाई योजना वैंकमा समावेश गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

९७. स्थानीय सीपको प्रयोगलाई वढावा दिई रोजगारी अभिवृद्धि गर्न पालिकाभित्र संचालित पूर्वाधार विकाससँग सम्बन्धित योजनाहरु कार्यान्वयन गर्दा आवश्यक पर्ने मजदुरहरु रोजगार सूचना केन्द्रसँग समन्वय गरी सूचीकृत वेरोजगार व्यक्तिहरु मध्येबाट उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

९८. स्थानीय स्तरमा निर्माण हुने सडकमा मापदण्ड बमोजिमको पानीको निकास, बायोइञ्जिनियरिङ, सडकपेटी, सडक सुरक्षा समेतको प्रबन्ध मिलाईनेछ।

९९. सडक आयोजनाबाट खर्चको १% छुटाई मर्मत सम्भार गरिनेछ ।पूर्वाधार संरक्षण कोष बनाई कुल आयोजना को २% खर्च गरिनेछ ।ठुला योजना संचालनमा bio-engineering लाइ बिशेष प्रथिकता दिईनेछ ।

१००. हरेक योजना संचालन पूर्व सान्दर्भिकताको आधारमा BES/IEE/EIA गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

१०१. लागत साझेदारीमा योजना संचालनको लागि योजना लागत कोषको व्यवस्था गरिनेछ ।

१०२. नेपाल सरकारको मिति २०७६ साल जेष्ठ ६ गतेको मन्त्री परिषद बैठकको निर्णय अनुसार NH१५ राष्ट्रिय राजमार्गको सूचीमा समावेश ग्वार्को - लुभु - लाकुरी भन्ज्यांग - कुशादेवी - पनौती दाहालटार सडक वातावरणीय मुल्याङ्कन, घना बस्ती तथा ऐतिहासिक पुरातात्विक सम्पदाको सम्भाव्यता अध्ययन

जस्ता पूर्वतयारी नभई, सडक सञ्जालले समेट्ने स्थानीय तह समेतलाई जानकारी नभएको र उ... निर्णयबाट लाखौं जनतामा सन्त्रास पर्न गएको वास्तविकतालाई मध्यनजर एवं नगरवासीको भावनाको उच्चतम सम्मान गर्दै यस सडकलाई पुनरावलोकन गर्न नेपाल सरकार समक्ष अनुरोध गरिनेछ ।

१०३. रोशी खोला तटबन्द निर्माणलाई निरन्तरता दिँदै, कठं गणेशस्थान क्षेत्र र पनौती बजार रोशी र पुन्यमाता खोला तर्फको क्षेत्रमा हरियाली प्रवर्धन कार्यक्रम संचालन गरीनेछ ।

१०४. स्थानीय सडकहरुको मापदण्डका सम्बन्धमा वडा कार्यालयहरुबाट सिफारिस भएका सडकहरुको पुनवरावलोकन गरिनेछ ।

## (झ) सिँचाई, खानेपानी तथा सरसफाई सम्बन्धी नीति

१०५. खेतीयोग्य जमिनमा साना, मझौला र ठूला सिंचाई योजना प्रक्रिया अगाडी बढाईनेछ । कृषि उत्पादनको पकेट क्षेत्रमा सिंचाईको प्रविधि सहितको व्यवस्था गरिनेछ ।

१०६. साना तथा मझौला सिंचाई कुलोहरुको बाँध निर्माण र स्तरोन्नतीको लागि श्रोतको सुनिश्चितता गरिनेछ ।

१०७. वढ्दो शहरीकरणलाई मध्यनजर गर्दै मानव निर्मित फोहोर व्यवस्थापन, वातावरणीय सुधार तथा सरसफाई व्यवस्थापनको लागि टोल सुधार समितिहरु गठन गरी क्रियाशिल गरिनेछ ।

१०८. स्थानीय सडकहरुको मापदण्डका सम्बन्धमा वडा कार्यालयहरुबाट सिफारिस भएका सडकहरुको पुनवरावलोकन गरिनेछ ।

## (ञ) रोजगार कार्यक्रम सम्बन्धी नीतिहरु

१०९. रोजगार सेवा केन्द्रलाई रोजगार वैङ्कको रुपमा विकास गरिनेछ । पनौती नगरपालिकामा सूचीकृत भएका वेरोजगार व्यक्तिहरुलाई न्यूनतम १०० दिनको रोजगारी प्रदान गर्न सार्वजनिक पूर्वाधारको विकास निर्माण, स्थानीय उद्योग र होटलहरुमा आवश्यक श्रमिकहरु पूर्ति गर्दा रोजगार सेवा केन्द्रमा सूचीकृत वेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिने व्यवस्था मिलाइनेछ ।

११०. कृषि, पशुपालन, लगुउद्यम स्टार्ट अप जस्ता क्षेत्रमा स्वरोजगार बन्न चाहने युवाहरुका लागि १० लाखसम्मको ऋणमा ३ प्रतिशत व्याज अनुदान प्रदान गरी उद्धमशिलताको विकास गरिनेछ ।

१११. पनौती प्राविधिक शिक्षालयसंगको सहकार्यगरी युवाहरुलाई छोटो अवधिका शिपमुलक तालिमहरु प्रदान गरी स्वरोजगार बन्ने अवसर सृजना गरिनेछ ।

आदरणीय सभा सदस्यज्यूहरु

## (ट) सार्वजनिक सम्पत्तिको उपयोग तथा संरक्षण सम्बन्धी नीति

११२. सार्वजनिक जग्गाहरुको पहिचान गरी छुट्याइने कार्यलाई निरन्तरता दिइनेछ । सार्वजनिक जग्गा अतिक्रमण गरी अवैधरुपमा स्थापित घर/टहरा, होटल, रिसोर्ट हटाई सिंगो पालिकाको विकास कार्य अगाडि बढाई सार्वजनिक संपत्तिको संरक्षण गरिनेछ ।

CamScanner

११३. सार्वजनिक सम्पत्तिको अतिक्रमण रोक्न विवरण अद्यावधिक गरी नापजाँच, सिमाङ्कन नामाङ्कन गराई ठहर भए बमोजिम आवश्यक कारवाही अघि बढाइनेछ ।

(ठ) <u>घर नक्सापास तथा भूमी सम्बन्धी नीति</u>

११४. सम्पदामैत्री घर निर्माणलाई प्रोत्साहन गर्नका लागि नक्सा पास दस्तुर निःशुल्क गर्नुका साथै नक्सा निर्माणका लागि नगरपालिकाले निःशुल्क प्राविधिक सहयोग उपलब्ध गराउनेछ । बाढी पहिरोपिडीत नागरिकहरुले नगरभित्र घर निर्माण गर्दा नक्सापास दस्तुर मिनाह गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

११५. नक्सापास प्रकृयामा Online पद्धतिको अवलम्बन गरी Digitize गर्ने प्रकृया थालनी गरिनेछ। स्थानीय भूमी प्रशासनको कार्य नगरपालिका मातहत ल्याउने प्रयास गरिनेछ ।

११६. नेपाल सरकारबाट स्वीकृत शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड बमोजिम नक्सा पास मापदण्ड पूर्ण स्वीकृत गरी भवन नर्म्स थप व्यवस्थित गरिनेछ ।

११७. नगरपालिका क्षेत्रमा निर्माण हुने हरेक पूर्वाधारहरुलाई बालमैत्री तथा अपाङ्गतामैत्री बनाईनेछ ।

११८. नगर क्षेत्रको जग्गालाई भू—उपयोग ऐन २०७६ र भूउपयोग नियमावली २०७९का आधारमा जग्गा वर्गीकरणको बाँकी कार्यहरु सम्पन्न गरिने छ । जोखिमयुक्त र अनुपयुक्त स्थानहरुमा घर संरचना बनाउन निषेध गरिनेछ ।

११९. नक्सा पास मापदण्ड तयार गरी भवन संहिता र IS CODE दुवै लाइ प्राथमिकता दिई भवन निर्माणलाई अझै व्यवस्थित बनाईनेछ ।

(ड) <u>कृषि तथा पशु विकास सम्बन्धी नीति</u>

१२०. निःशुल्क पशु विमा कार्यक्रमलाई व्यवस्थित बनाई निरन्तरता दिईनेछ ।

१२१. पशुपालक कृषकहरुका लागी पशुपालन सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

१२२. शिक्षा तथा स्वास्थ्य शाखाको समन्वयमा जुनोटीक रोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

१२३. कृषि तथा पशुपन्छी फर्म, मासु पसल बधशाला, दुध डेरी भेटेरिनरी औषधी पसल एग्रोभेट चल्ला सप्लार्यस र दाना उद्दोगको नियमित अनुगमन गरिनेछ ।

१२४. नगर भित्रका प्राबिधिकहरुलाई क्षमता अभिबृद्धि तालिमको व्यबस्था गरिनेछ ।

१२५. पशुपालन क्षेत्रलाई व्यबसायिक र प्रविधि मैत्री बनाउन यन्त्र उपकरण बितरण कार्यक्रम संचालन गरिनेछ । पशु पालन क्षेत्रमा हुने आहारा अभावको न्युनिकारण गर्न हे ,साइलेज र यु.एम.एम.बि व्लक बनाउने तालिमको व्यबस्था गरिनेछ ।

१२६. पशुपन्छीका माहामारी जन्य रोग एफ.एम.डी, पि.पि.आर, स्वाइन फिबर, लम्पी स्कीन जस्ता रोगहरु बिरुद्धको खोप कार्यक्रम सञ्चालन गरिनेछ ।

१२७. कृषकहरूलाई पशुपालनमा (भैंसी) प्रोत्साहन गर्न भैंसी सुत्केरी भत्ता वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२८ कुकुरको टोकाइबाट मानवमा सर्ने रेबिज न्युनीकरणका लागि सामुदायीक तथा छाडा कुकुरलाई बन्ध्याकरण, व्यवस्थापन, रेबिज विरुद्धको खोप तथा अभिलेखन कार्यक्रम सञ्चालन गरी (zero death by 2030) विश्वव्यापी नारालाई सार्थक बनाईनेछ ।

१२९ पशु पालक किसानको लागि गोठ सुधार कार्यक्रम तथा दुग्ध उत्पादनमा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

१३० पशु आहारा प्रवर्धनको लागि वर्षे तथा बहुवर्षे डाले घाँस तथा भुईं घाँसका बिउ, बेर्ना, सेट्स, बिरुवा वितरण गरिनेछ ।

१३१ पनौतीको आलु, काउली र दुग्ध उत्पादनलाई ब्रान्डिङ गर्ने "पनौती अर्गानिक ब्रान्ड" स्थापना गरिनेछ। वडागत विशेषताका आधारमा कृषि पकेट क्षेत्र निर्धारण गरिनेछ ।

१३२. नगरपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर तथा निर्यातमुखी बनाउन स्थानीय सम्भाव्यता अनुसार तरकारी, आलु, सुन्तला, मौरीपालन तथा च्याउ जस्ता नगदेबाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१३३. कृषि क्षेत्रमा श्रम तथा लागत घटाउन यान्त्रिकीकरण प्रवर्धनका लागि ५०% अनुदानमा कृषियन्त्र तथा उपकरण वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३४. संरक्षित संरचनामा बेमौसमी तरकारी खेती प्रवर्धनका लागि ५०% अनुदानमा टनेल प्लाष्टिक वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३५. जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा पर्ने असर न्यूनीकरण गर्न जलवायुमैत्री कृषि प्रविधि, जैविक खेती तथा वातावरण संरक्षणमुखी कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

१३६. उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि माटो परीक्षण सेवा, कृषि चुन वितरण, सुक्ष्म खाद्यतत्व तथा प्रांगारिक मल वितरण, बाली संरक्षण सेवा जस्ता कार्यक्रमहरुलाई प्रोत्साहन गरिनेछ।

१३७. सुन्तला तथा अन्य अमिलाजात फलफूल बालीमा देखिने रोग तथा कीरा व्यवस्थापनका लागि प्रोटिन बेट तथा बोर्डोपेष्ट वितरण जस्ता कार्यक्रम सञ्चालन गरी उत्पादन तथा गुणस्तर अभिवृद्धि गरिनेछ।

१३८. कृषि उपजको मूल्य अभिवृद्धि तथा बजार पहुँच विस्तारका लागि कृषक समूह, सहकारी संस्था तथा निजी क्षेत्रसँग सहकार्य गरी कृषक संजाल गठन गरिनेछ।

१३९. युवा कृषकलाई कृषि उद्यमशीलतामा आकर्षित गर्न उद्यम विकास, सीपमूलक तालिम तथा अनुदानमुखी कार्यक्रम सञ्चालन गरिनेछ।

१४०. मौरीपालन व्यवसायलाई प्रवर्द्धन गर्न मौरी गोला तथा घार वितरण गरी परागसेचनमार्फत कृषि उत्पादन वृद्धि तथा कृषकको आयआर्जनमा सहयोग पुऱ्याइनेछ।

१४१. कृषि क्षेत्रमा नवप्रवर्तन तथा प्रविधि हस्तान्तरणलाई प्रोत्साहन गर्न अवलोकन भ्रमण, प्रदर्शन कार्यक्रम, कृषक पाठशाला तथा प्राविधिक सेवा विस्तार गरिनेछ।

१४२. कृषि क्षेत्रमा हुने सम्भावित रोग तथा कीराको प्रकोप नियन्त्रणका लागि आकस्मिक रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।

१४३. कृषि तथा पशुपालन, दुग्ध व्यवसायको प्रवर्धन र उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि सहुलियत व्याज अनुदान कार्यक्रम संचालन गरिनेछ।

१४४. प्राङ्गारिक उत्पादनलाई सहभागितामुलक गुणस्तर निर्धारण प्रणाली विकास गरिनेछ ।

CamScanner

१४५. रैथाने बालीलाई संरक्षण र प्रवर्धन गरिनेछ ।

(ढ) सहकारी तथा घरेलु विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु

१४६. स्थानीय उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी न्यूनीकरण गर्न सहकारी क्षेत्रको प्रवर्धन गरिनेछ ।

१४७. पनौती नगर क्षेत्रमा संचालित सहकारीको क्षमता अभिवृद्धि गरी संस्थागत विकास मार्फत कृषि लगानी मैत्री वातावरण सृजना गर्न जोड दिइनेछ । सहकारीको नियमन र व्यवस्थापनलाई चुस्त दुरुस्त वनाउन सबै सहकारी संस्थालाई कोपोमिस (COPOMIS) मा आवद्द गरिनेछ ।

१४८. विज्ञ समूहबाट अनुगमन गरी सहकारी संस्थामा आर्थिक अनुशासन कायम गरिनेछ । बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थामा नागरिकको बचत सुरक्षाको प्रत्याभूति गराउन विशेष पहल गरिनेछ ।

(ण) संस्कृति तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रमहरु

१४९. पनौतीको ऐतिहासिक तथा पुरातात्विक दरबार क्षेत्र (Panauti Durbar Square) लाई युनेस्कोको विश्व सम्पदा सूचीमा स्थायी रूपमा सूचीकृत गराउन आवश्यक पूर्वाधार, संरक्षण र कूटनीतिक पहललाई तीव्र निरन्तरता दिइनेछ ।

१५०. पुण्यमाता र रोशी खोलाको संगमस्थल त्रिवेणी घाट, इन्द्रेश्वर महादेव मन्दिर परिषर, भालेश्वर मन्दिर, धनेश्वर मन्दिर, मोक्षधाम र लड्केश्वर धामहरु लाई वृहत्तर गुरुयोजना बनाई धार्मिक पर्यटनको केन्द्रका रूपमा विकास गरिनेछ।

१५१. पनौतीका अमूर्त संस्कृति (जस्तैः ज्यापुन्हि, देवी नाच, ऐतिहासिक जात्राहरू) को डिजिटल अभिलेखीकरण गरिनेछ। नगरभित्र एउटा अत्याधुनिक "पनौती सांस्कृतिक सङ्ग्रहालय" स्थापना गरिनेछ।

१५२. पनौती बनेपा सडक लगायत नगर क्षेत्रभित्रका प्रमुख सडकहरुमा उज्यालो पनौती कार्यक्रम संचालन गरी आधुनिक सडक बत्ती जडान गरी नागरिकहरुको जिउ, धनको सुरक्षा गर्न जोड दिइनेछ ।

१५३. परम्परागत जात्रा, महोत्सव र सांस्कृतिक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१५४. नगर क्षेत्रभित्रबाट चोरी भएका मुर्तिहरुलाई पनौतीमै फर्काउन पुरातत्व विभाग र सम्बन्धित देशका राजदुत मार्फत कुटनीतिक पहल गरी पुनस्थापित गराउने अभियान संचालन गरिनेछ ।

आदरणीय सभा सदस्य ज्यूहरु,

(त) महिला, बालबालिका तथा जेष्ठ नागरिक नीति

१५५. विकासका नियमित अवसरबाट बंचित बिपन्न,दलित,महिला,ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्तिहरुको बहुआयामिक सशक्तिकरणका लागि तालिम/सचेतनाअभियान,अभिमुखिकरण तथा दिवसीय कार्यक्रम संचालन गरिनेछ।

१५६. लघु उद्यमशिलता विकासको क्षेत्रमा कार्यक्रम संचालन गरि व्यवसायीकरणको माध्यमबाट महिलाहरुको आर्थिक सशक्तिकरणमा जोड दिईनेछ ।

१५७. लैङ्गिक हिंसा प्रभावित व्यक्तिलाई तत्काल उद्धार,पुनस्थापना,राहात,कानुनी परामर्श,न्याय निरुपणका लागि लैङ्गिक हिंसा निवारण कोष मार्फत सहयोग प्रदान गरिनेछ ।

CamScanner

१५८. जोखिममा रहेका / जोखिममा पर्न सक्ने किशोर किशोरी तथा बालबालिकाहरुको संरक्षणका लागि गतिविधिहरु संचालन गरिनेछ।

१५९. जातिय भेदभाव तथा छुवाछुत विरुद्ध सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

१६०. सीप विकास तालिम पश्चात व्यवसाय गर्न इच्छुक सदस्यहरुलाई विउपूँजी कोषको रकम परिचालन गरिनेछ ।

१६१. अपाङ्गता भएका व्यक्तिहरुको उपचार तथा पुनस्थापना कार्यक्रम संचालन गरिनेछ।

आदरणीय सभा सदस्य ज्यूहरु,

(थ) न्यायिक समिति सम्बन्धी नीतिहरु

१६२. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार गठित न्यायिक समितिलाई प्रभावकारी रुपमा संचालन गरिनेछ । अन्यायमा परेका महिला, दलित, अपाङ्गता भएका, जेष्ठ नागरिक, हिंसा पीडित तथा गरीविको रेखामुनी रहेका व्यक्ति लगायत विभिन्न वर्ग समुदायलाई कानूनी सहायता प्रदान गरिनेछ, साथै सवै निकाय तथा कार्यालयसँग न्यायिक पहुँचको लागि सहजिकरण गरिनेछ ।

१६३. मेलमिलापकर्ताको क्षमता अभिवृद्धि लगायत अभिमुखीकरणमा विशेष ध्यान दिई टोलस्तरबाट नै न्यायको अनुभुती दिलाउने प्रयास गरिनेछ ।

आदरणीय सभा सदस्यज्यूहरु

यस गरिमामय सभामा पेश भएको नीति तथा कार्यक्रमको कार्यान्वयनले समृद्व, समुन्नत, धार्मिक, ऐतिहासिक र पर्यटकीय नगर बनाउने हाम्रो अभियानमा कोशेढुङ्गा सावित गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।नेपालको संविधानले स्थानीय तहलाई दिएको जिम्मेवारी अनुसार यस नगरका जनतालाई नजिकको सरकारको अनुभूति गराउने गरी चुस्त, दुरुस्त, पारदर्शी र सुशासनयुक्त प्रशासन बनाउने हाम्रो अभिभारा पूरा गर्न प्रस्तुत नीति कार्यक्रमले सहयोग पुर्याउनेछ भन्नेमा म विश्वस्त छु ।अन्त्यमा, पनौती नगरपालिकाको आर्थिक, सामाजिक एवं पुर्वाधार विकासको अवस्थामा उल्लेख्य सुधार ल्याउने उद्देश्यले पेश भएको यो नीति तथा कार्यक्रमको कार्यान्वयनमा जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, बुद्विजिवी, उद्योगी/व्यवसायी, आमसञ्चारजगत लगायत सम्पूर्ण आमा-बुवा, दिदी-बहिनी तथा दाजुभाइहरुबाट अपेक्षित सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

रामशरण भण्डारी
प्रमुख
पनौती नगरपालिका
०५ आषाढ २०८३

CamScanner